नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

शाखा : मानवस्रोत विकास, लेखा सुदृढीकरण तथा योजना

मितिः २०८१/०३/१९

**विषय: सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागीताका लागि आवेदन पेश गर्ने सूचना ।**

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको च.नं. ६१२/०८०/०८१ मिति २०८१/०३/०६ को पत्र तथा अर्थ मन्त्रालयको च.नं. २१६२ मिति २०८१/०३/११ को पत्रानुसार नेपाल सरकार र सार्वजनिक निकायहरूमा कार्यरत अधिकृत द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि Advanced Course on Management and Development (ACMD) तथा अधिकृत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि Professional Course on Management and Development (PCMD) सेवाकालिन तालिमका लागि अनुरोध भई आएकोमा यस कार्यालय वा अन्तर्गत कार्यरत योग्य/इच्छुक कर्मचारीहरूले मिति २०८१/०३/२३ गते दिनको १२:०० बजेसम्ममा तपसिलमा उल्लिखित Link मा गई वा दिईएको QR-Code स्क्यान गरी Google Form मा विवरण भरी आवेदन पेश गर्नुहुन यो सूचना जारी गरिएको छ । **आ.व. २०८०/८१ को वित्तीय प्रतिवेदन तयारी गर्ने र अन्तिम लेखापरीक्षण गराउने कार्यमा बाधा नपर्ने गरी कार्यालयको सिफारिस सहित आवेदन पेश गर्नुहुन निर्णयानुसार अनुरोध छ ।** साथै सोसँग सम्बन्धित अर्थ मन्त्रालय र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको पत्र यसैसाथ संलग्न रहेको छ ।

<u>तपशिल:</u>

१. अधिकृतस्तरीय सेवाकालीन प्रशिक्षण कार्यक्रम
https://forms.gle/65HPrujxEj1dYNxE9

२०८१।०३।१९

शारदा मरासिनी

लेखा अधिकृत

<u>कार्यार्थ:</u>

सूचना प्रविधि शाखा : Website मा अपलोड गरिदिनुहुन ।

नेपाल सरकार

# अर्थ मन्त्रालय

(प्रशासन महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- २०८०/८१
च. नं.:- २१६२

मितिः २०८१/०३/११
नेपाल संवत् ११४४, तछलागा

५१३
HRM
३।१८

विषयः- सेवा कालिन तालिम सम्बन्धमा।

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं।
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं ।
श्री भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं ।
श्री सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, हरिहरभवन, ललितपुर ।
श्री सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।

प्रस्तुत विषयमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको च.नं. ६१२/०८०/०८१, मिति २०८१/०३/०६ को प्राप्त पत्रानुसार नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृत द्वितीय र अधिकृत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरुकालागि क्षमता विकासका लागि Advanced Course on Management and Development (ACMD) तथा Professional Course on Management and Development (PCMD) प्रशिक्षण कार्यक्रममा सहभागीताका लागि अनुरोध भई आएको छ ।

सो सम्बन्धमा मन्त्रालयले उक्त तालिममा बरिष्ठताको आधारमा कर्मचारी मनोनयन गरी पठाउने हुँदा इच्छुक कर्मचारीहरुले विभाग वा कार्यालय मार्फत आवेदन पेश गर्नुहुन आदेशानुसार अनुरोध छ । साथै सोसँग सम्बन्धित नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको पत्र यसैसाथ संलग्न रहेको छ ।

२०८१।३।११

(सावित्रा बस्नेत)
शाखा अधिकृत

कार्यार्थः
सूचना प्रविधि शाखाः Website मा अपलोड गरिदिन हुन ।

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College

*"...devoted to making differences positively."*

प.सं. PSTD/CIsT

च.नं१२/२०८०/२०८१

मिति: २०८१/०३/०६

श्री अर्थ मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन सम्बन्धमा ।**

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ यस प्रतिष्ठानले अधिकृत द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि Advanced Course on Management and Development (ACMD) तथा अधिकृत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि Professional Course on Management and Development (PCMD) सेवाकालीन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दछ । आ.व. २०८१/८२ को वार्षिक कार्यतालिका अनुरूप तपसील बमोजिमका प्रशिक्षण कार्यक्रममा सहभागीताका लागि नामावली सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट मनोनयन गराई सो **मनोनयन पत्र मिति २०८१/०३/२८ गतेसम्म इमेल ठेगाना** inservice@nasc.org.np र inservicenasc@gmail.com मा पठाईदिनुहुन अनुरोध गर्दछु ।

| कार्यक्रम | संख्या | कार्यक्रम मिति |
|---|---|---|
| PCMD 1 | 2 जना | २०८१/०४/०८ देखि ३२ कार्यदिने |
| PCMD 2 | 2 जना | २०८१/०४/१६ देखि ३२ कार्यदिने |
| PCMD 3 | 2 जना | २०८१/०४/२८ देखि ३२ कार्यदिने |
| PCMD 4 | 2 जना | २०८१/०४/२८ देखि ३२ कार्यदिने |
| ACMD 1 | 1 जना | २०८१/०४/०८ देखि ४० कार्यदिने |
| ACMD 2 | 1 जना | २०८१/०४/१६ देखि ४० कार्यदिने |
| PCMD: श्री स्मृति प्रधान (९८४११७६०२२) | | https://forms.gle/sfjfSzmQxt2Tb21i9 |
| ACMD: श्री रोशनी भुजेल (९८५१२०१०४६) | | https://forms.gle/GDxgnxX6B3c2PcWL9 |

**मनोनयनका आधारहरु र सम्वन्धित व्यवस्था:**

- अधिकृत द्वितीय श्रेणीको कर्मचारीको हालको तह/श्रेणीमा २०८१ असार मसान्तसम्म न्यूनतम २ वर्ष र अधिकृत तृतीय श्रेणीको हकमा २०८१ असार मसान्तसम्म न्यूनतम ३ वर्ष सेवा अवधि पुरा भएको हुनुपर्नेछ।
- हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिईसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन्।
- मनोनयन गर्दा तालिकामा उल्लेख भए बमोजिमको कुन समूहमा सहभागी हुने हो सो स्पष्ट खुलाई पठाउनुपर्नेछ ।
- मनोनयन स्वीकृतिको अधिकार सम्पूर्ण रुपमा प्रतिष्ठानमा निहित रहनेछ। मनोनयन स्वीकृतिको जानकारी पछि गराइनेछ।
- मनोनित कर्मचारीहरुको नामावली संग्लन पत्र प्रतिष्ठानको ईमेल inservice@nasc.org.np र inservicenasc@gmail.com मा पठाउनु पर्नेछ।
- मनोनित कर्मचारीहरुले ACMDका लागि https://forms.gle/GDxgnxX6B3c2PcWL9 र PCMDका लागि https://forms.gle/sfjfSzmQxt2Tb21i9 मार्फत registration गर्नु पर्नेछ।

.................................
स्मृति प्रधान
प्रशिक्षण तथा अनुसन्धान अधिकृत